International Research Journal of Parroha
Volume 03, Issue 01, 2024. pp. 89–94
Research Article
https://doi.org/10.61916/prmn.2024.v03i01.010

# मधेसतिर कथामा प्रयुक्त नारीवादी चिन्तन

**लोकनाथ दाहाल**
उप प्राध्यापक विश्वेस्वर प्रसाद कोइराला संस्कृत विद्यापीठ, नेचासल्यान–२ सोलुखुम्बु, नेपाल

**Abstract (लेखसार)**

प्रस्तुत लेख मधेशतिर कथामा प्रयुक्त नारीवादी चिन्तनको अध्ययन विश्लेषणमा केन्द्रित रहेको छ । साहित्यलाई नारीको केन्द्रीयतामा विश्लेषण गरिने समालोचना नारीवाद हो । मानव समाजका हरेक सामाजिक सांस्कृतिक सन्दर्भसँग नारीवादको सम्बन्ध रहेको हुन्छ। नारीवादी साहित्य चिन्तनको विकास सन् १९६० को दशकतिर आरम्भ भएको हो । यसलाई उत्तरआधुनिकतावादी साहित्य चिन्तनका रूपमा समेत लिन सकिन्छ। नारीवादले समाजमा प्रचलित पुराना मूल्य र मान्यताको विरोध गर्दछ र नारीको वास्तविक अस्तित्व तथा पहिचानमा जोड दिन्छ। मधेशतिर कथाका लेखक मनोवैज्ञानिक कथाकार विश्वेश्वरप्रसाद कोइराला हुन्। उनको यस कथालाई साहित्य समालोचनाका विभिन्न कोणबाट अध्ययन विश्लेषण गर्न सकिन्छ। यस लेखमा मधेशतिर कथालाई नारीवादी चिन्तनका आधारमा सुधारवादी र मनोवैज्ञानिक कोणबाट विश्लेषण गरिएको छ। नारी समस्यामा आधारित कथा यस कथामा विधवा नारीका मनमा रहेका विविध इच्छा र आकाङ्क्षाहरूको चित्रण गरिएको छ। यस कथामा विधवा नारीलाई परेको पीडा तथा समस्यालाई यथार्थ रूपमा देखाइएको छ । विधवा नारीका रूपमा प्रस्तुत भएकी पात्रका माध्यमबाट पितृसत्तात्मक समाजमा विधवालाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहारलाई परिवर्तन गर्नतर्फ यो कथा उन्मुख भएको छ। विवाह भएको केही समयमा विधवा हुन पुगेकी नारी पात्रको मनमा रहेका दमित इच्छा आकाङ्क्षाहरू तथा त्यसबाट उसमा आइपरेका मानसिक परिस्थितिको वर्णन कथामा रहेको छ । अतः कोइरालाद्वारा रचित प्रस्तुत कथालाई नारीप्रति समाजले गर्ने व्यवहारलाई सुधार गर्ने र विधवा नारीमा उत्पन्न हुने मनोविज्ञान प्रस्तुत गरिएको नारीकेन्द्री कथा हो ।

शदकुञ्जीः नारीवाद, उदार नारीवाद, मनोविश्लेषणत्मक नारीवाद, उत्तरआधुनिकतावाद, पितृसतात्मक

**Article Info.**

*Corresponding Author*
Loknath Dahal

*Email*
ldahal753@gmail.com

*Article History*
Received: 26 Aug. 2024
First Revised: 02 Sept. 2024
Second Revised: 22 Sept. 2024
Accepted: 12 Oct. 2024

*Cite*
Dahal, L. (2024). मधेसतिर कथामा प्रयुक्त नारीवादी चिन्तन. *International Research Journal of Parroha (IRJP), 3*(1), 89–94. https://doi.org/10.5281/zenodo.13994570

## विषय परिचय

मधेसतिर कथाका लेखक मनोवैज्ञानिक कथाकार विश्वेश्वरप्रसाद कोइराला हुन् । प्रस्तुत कथामा नारी समस्याको विषयमा यथार्थपरक ढङ्गले विश्लेषण गरिएको छ । नेपाली साहित्यको आख्यान क्षेत्रमा कोइरालाको महत्त्वपूर्ण योगदान रहेको छ। उनलाई कथाकारका रूपमा परिचित गराउने कृतिहरू दोषी चस्मा (२००६) र श्वेतभैरवी (२०३९) हुन्। उनले आफ्ना कथामा रहेका पात्रका मनका विभिन्न समस्यालाई केलाउने काम गरेका छन्। फ्रायडको मनोवैज्ञानिक दृष्टिकोणलाई केन्द्रमा राखेर कथा रचना गर्ने कोइरालाको नेपाली मनोवैज्ञानिक कथा क्षेत्रको विकास र विस्तारमा महत्त्वपूर्ण भूमिका रहेको छ । उनका प्रायः कथाहरूमा नारीले समाजमा भोग्नु परेका समस्या र तिनले ल्याउने जटिलता तथा संवेगहरूको विश्लेषण पाइन्छ। यौवन र रूप छँदै विधवा भएकी नारी भित्र रहेको अतृप्त काम वासना र घरजमको चाहनाको प्रस्तुति यस कथामा रहेको छ । पितृसतात्मक समाजमा लोग्नेको मृत्युपछि महिलाले विवाह नगरी मरेको लोग्नेलाई अस्तित्व मानेर बाँच्नु पर्ने सांस्कृतिक संरचना र त्यसका कारण निर्माण भएको विशिष्ट परिस्थितिको चित्रण कथामा रहेको छ। नारीको केन्द्रीयतामा आधारित चिन्तन नै नारीवाद हो । समाजका हरेक सामाजिक सांस्कृतिक सन्दर्भसँग नारीवादको

 *Copyright©2024: Author(s). Published by Parroha Multiple Campus, Rupandehi, Nepal*

सम्बन्ध रहेको हुन्छ । नारीवादी साहित्य चिन्तनको विकास सन् १९६० को दशकमा भएको हो । यसलाई उत्तरआधुनिकतावादी साहित्य चिन्तन पनि भन्न सकिन्छ। मान्यता अन्तर्गतका विविध सिद्धान्तहरूमध्ये नारीवाद पनि एक हो। उत्तरआधुनिकतावादी मान्यताले इतिहासमा भएका पुराना मूल्य र मान्यताको विरोध गर्दछ । मनोवैज्ञानिक कथाकार विश्वेश्वरप्रसाद कोइरालाको मधेशतिर कथालाई साहित्यमा प्रचलित विभिन्न कोणबाट अध्ययन विश्लेषण गर्न सकिन्छ । अतः यस लेखमा कथाकार कोइरालाको मधेशतिर कथालाई नारीवादी चिन्तनको आधारमा अध्ययन विश्लेषण गर्ने कार्यलाई मुख्य विषयवस्तु बनाइएको छ।

## समस्या कथन

कथाकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा रचित मधेसतिर नारी समस्यामा केन्द्रित कथा हो। प्रस्तुत कथामा विधवा नारी पात्रले भोग्नु परेका पीडादायक अवस्था र त्यसबाट मुक्त हुनका लागि गरिएको नारी सङ्घर्षलाई देखाइएको छ । प्रस्तुत कथालाई साहित्य समालोचनाका विभिन्न कोणबाट अध्ययन विश्लेषण गर्न सकिने भए पनि यहाँ नारीवादी चिन्तनका सुधारवादी र मनोवैज्ञानिक पक्षबाट कसरी विश्लेषण गर्न सकिन्छ भन्ने कुरालाई मूल समस्याका रूपमा प्रस्तुत गर्दै निम्नलिखित प्रश्नहरू निर्माण गरिएको छ :

(क) मधेसतिर कथामा सुधार नारीवादको अवस्था कस्तो रहेको छ ?

(ख) मधेसतिर कथामा मनोविश्लेषणात्मक नारीवाद कसरी प्रस्तुत भएको छ ?

## उद्देश्य कथन

विश्वेश्वरप्रसाद कोइरालाद्वारा रचित मधेसतिर नारीवादी चिन्तनको अध्ययन गर्नु प्रस्तुत लेखको मुख्य उद्देश्य रहेको छ । समस्या कथन शीर्षकमा राखिएका शोधप्रश्नहरूमा आधारित जिज्ञासाहरूको प्राज्ञिक ढङ्गबाट समाधान गर्नु नै यस लेखको उद्देश्य रहेको छ। समस्याका आधारमा लेखका उद्देश्यहरू निम्नानुसार निर्धारण गरिएको छ :

(क) मधेसतिर कथामा रहेको सुधार नारीवादको अवस्था पहिचान गर्नु ,

(ख) मधेसतिर कथामा रहेको मनोविश्लेषणात्मक नारीवादको विश्लेषण गर्नु ।

## अध्ययनको महत्त्व

प्रस्तुत लेख नारीवादी दृष्टिकोणबाट मधेशतिर कथाको अध्ययन विश्लेषणमा केन्द्रित रहेको छ । यस लेखमा नारीवादी चिन्तनको संक्षिप्त सैद्धान्तिक आधार सहित मधेशतिर कथालाई नारीवाद, उदार नारीवाद तथा मनोविश्लेषणात्मक नारीवादका कोणबाट अध्ययन विश्लेषण गरिएको छ । अतः आगामी दिनमा नारीवादी चिन्तनको आधारमा आख्यानात्मक कृतिको अध्ययन विश्लेषण गर्न चाहने जिज्ञासु पाठकको लागि यो लेख उपयोगी रहेको छ।

## अध्ययनको सीमा

कथाकार कोइरालाको मधेशतिर कथालाई आख्यानात्मक संरचनाका विभिन्न आधारमा अध्ययन विश्लेषण गर्न सकिन्छ। कोइरालाको उक्त कथाका सन्दर्भमा धेरै अध्ययन अनुसन्धान भएता पनि नारीवादी चिन्तनका आधारमा सम्बन्धित भएर यस कथाको अध्ययन विश्लेषण भएको पाइदैन। यसर्थ प्रस्तुत लेखलाई मधेशतिर कथालाई नारीवादी चिन्तनका सुधारवादी र मनोवैज्ञानिक कोणबाट मात्र अध्ययन विश्लेषण गर्ने कार्यमा सीमित गरिएको छ।

## अध्ययन विधि

अध्ययन विधि अन्तर्गत सामग्री सङ्कलन गर्ने र सङ्कलित सामग्रीको विश्लेषण गर्ने विधि पर्दछन् । नारीवादको सैद्धान्तिक अवधारणाका आधारमा अध्ययन तथा विश्लेषण गरिने प्रस्तुत लेखमा कोइरालाको मधेसतिर कथामा रहेको आख्यानको अध्ययन विश्लेषणका लागि निम्नलिखित विधिको अवलम्बन गरिएको छ :

### सामग्री सङ्कलन विधि

प्रस्तुत लेखमा नारीवादी मान्यताका आधारमा विश्वेश्वरप्रसाद कोइरालाद्वारा रचित मधेसतिर कथाको अध्ययन विश्लेषण गरिने हुनाले यससँग सम्बन्धित प्रकाशित र अप्रकाशित सामग्रीहरूको अध्ययन गरिएको छ । यस मान्यतासँग सम्बन्धित सामग्रीहरूको सङ्कलन प्रकाशित विभिन्न पुस्तक तथा लेखहरूबाट गरिएको छ। यसर्थ प्रस्तुत अध्ययनमा सामग्री सङ्कलन गर्न पुस्तकालयीय कार्यको अवलम्बन गरिएको छ।

### सामग्री विश्लेषण विधि

प्रस्तुत लेखमा नारीवादी मान्यतालाई सामग्री विश्लेषणको मुख्य आधार मानिएको छ। नारीवाद भित्र पनि

विभिन्न मतहरू छन्, जसमध्ये यहाँ सुधारवादी नारीवाद र मनोवैज्ञानिक नारीवादी सिद्धान्तलाई आधार मानेर प्रस्तुत मधेसतिर कथाको विश्लेषण गरिएको छ । तसर्थ प्रस्तुत लेखमा निगमनात्मक विधिको अवलम्बन गरी सामग्री विश्लेषण गरिएको छ।

## सैद्धान्तिक पर्याधार

नरीवादी चिन्तनका दृष्टिले मधेशतिर कथाको अध्ययन विश्लेषणमा केन्द्रित यस लेखमा नारीवाद तथा त्यसभित्रको उदार नारीवाद र मनोविश्लेषणात्मक नारीवादको संक्षिप्त सैद्धान्तिक चर्चा गरिएको छ :

### नारीवाद

नारीवाद नारीमाथि हुने सामाजिक, आर्थिक, राजनैतिक तथा वैचारिक शोषणका विरूद्ध आन्दोलनका रूपमा स्थापित भएको चिन्तन हो। नारीवादको प्रारम्भ सन् १९६० को दशकतिर युरोप र अमेरिकाबाट नारी स्वतन्त्रता सम्बन्धी राजनैतिक र वैचारिक आन्दोलनका रूपमा भएको देखिन्छ । समालोचनाका क्षेत्रमा भने नारीवाद सन् १९७० को दशकमा देखा परेको हो । नारीवाद र नारीवादी साहित्यिक समालोचनाले के छ भन्दा पनि के छैनका कोणबाट कुनै पनि कुराको विश्लेषण गर्दछ (त्रिपाठी, २०६९, पृ. ६९)। नारीवादले समाजमा चीरकालदेखि प्रबल रहेको लिङ्गकेन्द्री पुरूष विचारधाराका साथै पितृसत्तात्मक धारणा र साहित्यको पुरूषपरक व्याख्या प्रति प्रश्नचिह्न खडा गर्दै पुरूषद्वारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र स्वरूपको विरोध गर्दछ। पुरूषद्वारा स्थापित नारी सम्बन्धी समस्त धारणा , दृष्टिकोण, पूर्वाग्रह, मान्यता, कल्पना र साहित्यमा नारीको स्थिर चरित्रचित्रण आदिलाई नकार्दै यसले नारीको वास्तविक अस्तित्व तथा पहिचान कायम गर्नेतर्फ पाइला चालेको छ (शर्मा र लुइटेल, २०६३, पृ. ३७१)। नारीलाई दोस्रो दर्जाको नागरिक मान्ने परम्परागत आचरणको चित्रणमा केन्द्रित फ्रान्सेली नारी लेखक साइमन द बुभाको द सेकेण्ड सेक्स (सन् १९४९) लाई नारीवादी लेखन तथा आन्दोलनको प्रमुख कृतिका रूपमा मानिन्छ। यो कृतिको प्रकाशनपछि नारीवादले स्पष्ट सैद्धन्तिक आधार प्राप्त गरेको हो। यस आन्दोलनको विधिवत प्रारम्भ भने सन् १९७० को दशकको अन्त्यदेखि वा नारीवादको घोषणापत्र मानिने अमेरिकी लेखक केट मिलेटको सन् १९६९ मा सेक्सुअल पोलिटिक्स प्रकाशनपछि भएको हो।

नारीवाद पुरूष पक्षपातको विरूद्धको चुनौती हो । हरेक सामाजिक सन्दर्भमा पुरूष पहिलो हैसियतमा बसेको छ र महिलालाई किनारमा पुऱ्याएको छ वा महिला वर्ग हरेक सन्दर्भमा सीमान्तकृत रहेका छन् । हरेक सन्दर्भको मूल धारमा पुरूष बसेको हुन्छ। हरेक सन्दर्भको मूलधार माथिको पुरूषको एकलौटी आधिपत्यका विरूद्ध महिलाहरू कृयाशील हुँदा नारीवादको जन्म भएको देखिन्छ (त्रिपाठी, २०६९ : ६५–६६)। नारीवाद राजनैतिक समतामूलक विचार बोकेको साहित्यिक आन्दोलन हो । यो लैङ्गिक विभेदक दृष्टिले हेर्दा आधाभन्दा बढी नारीहरूको साहित्यिक स्वतन्त्राताको सङ्खघोष गर्ने र परम्परालाई नारीका कोणबाट नवीकरण गर्ने अध्ययनको थालनी हो । नारी जातिका तर्फबाट साहित्यलाई बुझ्ने र बुझाउने तथा नारीलाई सामाजिक, सांस्कृतिक, धार्मिक, बौद्धिक आदि विषयमा मुक्त र आत्मनिर्भर बनाई पुरूष एकाधिकारको भञ्जन गर्ने आन्दोलन नै नारीवाद हो। नारी रचनाको खोजमेल तथा पृष्ठभागमा रहेकाहरूको सामयिक व्याख्याले पनि नारीवादी समालोचनालाई चौडा बाटो प्रदान गर्ने कुरा आफ्नो ठाँउमा छँदै छ साथै हाम्रो दृष्टिकोणलाई केवल चर्किसकेको मक्कीसकेको थोत्रो चस्माबाट हटाएर नवीन आभातिर लैजानु पर्ने कुराको यथार्थ क्षपण पनि नारीवादले गरेको छ (एटम, २०६१, पृ. १५७)। नारीवादी समालोचनाले स्वयम् नारीहरू जीवनबारे के अनुभव गर्छन्, के सोच्छन् र के क्रिया गर्छन् भन्ने गतिविधिलाई विशेष महत्त्व दिन्छ। नारीकेन्द्री परिप्रेक्षबाट नारी हकहित र समानताको पक्षधरतालाई नारीवाद भनिन्छ । अतः पितृसत्ताको शासन, शोषण र दबदबाको विरूद्ध नारीलाई उभ्याएर उसलाई स्वतन्त्र मनुष्यका रूपमा स्थापित गर्नु नारीवादी चिन्तनको प्रमुख कार्य हो।

### उदार नारीवाद

नारीवादका विभिन्न धाराहरूमध्ये उदार नारीवाद पनि एक हो। यसलाई सुधार नारीवादका नामले पनि चिनिन्छ। यसले समाजमा विद्यमान महिलाहरूको अवस्थाको व्याख्या गर्दछ । नारीवादी अध्ययनको परम्परा नभएको बेलामा पहिलो खुड्किलोको रूपमा आरम्भ भएको वाद उदार नारीवाद हो। लैङ्गिक र वर्गीयताका करणले नारी कसरी आर्थिक, सामाजिक अधिकारबाट बञ्चित भएका छन् भन्ने कुराको बारेमा सुधार नारीवादले विशेष जोड दिएर अध्ययन गरेको पाइन्छ। नारीलाई समाजमा सापेक्षित रूपमा अघि

बढ्न बाधा पुऱ्याउने कार्य स्वयम् परिवार वा गृहस्थीले नै गर्दछ भन्ने मान्यता राख्दै यस्ता विचारको प्रतिरोधमा नारीले सार्वजनिक क्षेत्रमा आफ्नो मुख्य ध्यान केन्द्रित गर्दै समाज सुधारको लागि चेतना फैलाउन उदार नारीवादको स्थापना भएको पाइन्छ । उदार नारीवादले व्यक्तिगत स्वतन्त्रता र सार्वभौमिकता माथि गहन चासो राख्दछ। उदार नारीवादले नारीहरूको सामाजिक बन्धनबाट मुक्ति चाहन्छ। सामाजिक बन्धन अन्तर्गत पनि राज्य वा सरकार तथा सामाजिक सांस्कृतिक दुराग्रहयुक्त बन्धनबाट खोजिने मुक्ति उदार नारीवादको केन्द्रविन्दु हो (त्रिपाठी, २०६९ पृ. ७४)। उदार नारीवादले समाजमा रहेका मूल्य मान्यता, हक अधिकार जस्ता कुराहरूमा महिला र पुरूष बिचको समानताको आग्रह गर्दछ। तसर्थ उदार नारीवादले समाजमा नारीले पुरूष सरह काम गर्न सक्ने हुनाले समाजबाट पुरूषले जे जस्तो अधिकार प्राप्त गर्दछ महिलाले पनि सोही बमोजिमको अधिकार पाउनु पर्दछ भन्ने धारणा राख्दछ । सुधार नारीवादले समाजको क्रान्तिकारी परिवर्तनलाई नभएर क्रमशः सुधारमा विश्वास राख्दछ। नाउमी उल्फले शक्ति नारीवादको अवधारणा अघि सारेकी छिन्, जसले वर्तमान समाजमा प्राप्त भएका विविध सफलतालाई महत्त्व दिएको छ। उदार नारीवाद पुरूषसँगै सहकार्य गरेर समाजबाट प्राप्त हुने अवसरहरू हासिल गर्न चाहन्छ। उनीहरू त्यही चाहन्छन् जे पुरूषले प्राप्त गरेको छ। यसको यही दृष्टिकोणलाई लिएर अरू प्रकारका नारीवादीहरू साथै नारीवादका विरोधीहरूले पुलिङ्को इर्ष्या गरेको भन्ने आरोप पनि लगाएका छन् (त्रिपाठी, २०६९ पृ. ७५) । उदार नारीवादले १८औं शताब्दीको उत्तरार्धदेखि हालसम्म महिलाहरूलाई सामाजिक सहभागिता र सार्वजनिक जीवन दिन हिच्किचाएको कुरालाई विशेष रूपमा उठाएको छ।

**मनोविश्लेषणात्मक नारीवाद**

मनोविश्लेषणात्मक नारीवादको प्रारम्भ सन् १९८० को दशकतिरबाट भएको हो। मनोविश्लेषणात्मक नारीवाद उदार नारीवाद भन्दा भिन्न दृष्टिकोणबाट अघि बढेको छ। यस मान्यतामा फ्रायड र लकानको चिन्तनका सन्दर्भबाट नारीवादको मनोविश्लेषणात्मक ढङ्गमा अध्ययन गरिन्छ । नारीहरू महिला र आमा बन्ने सन्दर्भमा कारण खोज्ने फ्रायडका विचारलाई यस मान्यताले बहसको केन्द्रबिन्दु बनाउछ। यिनीहरू आमाको प्राथमिक प्रभावमाथि विशेष जोड दिँदै महिलाको मनोवैज्ञानिक र सांस्कृतिक प्रभाव एवम् सामाजिक सन्दर्भलाई दमित रूपमा नभएर सक्रिय र सकारात्मक रूपमा प्रस्तुत गर्दछन् (त्रिपाठी, २०६९, पृ ११४) । खासगरी उत्तर लकानेलीहरू फ्रायडेली नारीवादजस्तो पुरूष प्रभुत्वलाई अस्वीकार गर्दै मान्छेको आफ्नू र संस्कृतिन्ले निकटताको परित्याग अरूसँगको विच्छेद र आमाको अस्वीकार जस्ता कुरामा नै पूर्णता पाउँछन् भन्ने लकानको विचारलाई पनि शङ्काको दृष्टिले हेर्छन् (त्रिपाठी, २०६९ पृ. ११९) । पुरूष प्रभुत्त्वको विरोध तथा स्व र संस्कृतिको सान्निध्यप्रति विश्वास गर्दै मातृनिकटताका सन्दर्भमा मनोविश्लेषणात्मक नारीवाद आधारित रहेको छ।

**नारीवादी कोणबाट मधेसतिर कथाको विश्लेषण**

मधेसतिर नारी समस्यामा केन्द्रित भएर लेखिएको कथा हो । प्रस्तुत कथामा बिहा भएको केही समयमा नै विधवा हुन पुगेकी नारीको पारिवारिक मोहका साथै पुनः विवाह गरी सन्तान प्राप्ति प्रतिको मोह चित्रण भएको छ । यस कथामा आफूलाई परेको समस्याको समाधान गर्न विधवा नारी उद्धत रहेकी र नारी विधवा भए पनि पुनः घरजम गरेर बस्नका लागि इच्छुक रहेको कुरालाई उसको मनोवैज्ञानिक विश्लेषणबाट अभिव्यक्त गरिएको छ। प्रस्तुत अध्ययन पत्रमा नारीवादको सुधारवादी र मनोवैज्ञानिक कोणबाट कथाको विश्लेषण गरिएको छ।

**उदार वा सुधार नारीवादी कोणबाट विश्लेषण**

विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित मधेसतिर विधवा नारीमा परेको समस्यालाई समाधान गर्ने दिशातर्फ उन्मुख सुधार नारीवादी कथा हो । प्रस्तुत कथामा मुख्य पात्रका रूपमा रहेकी विधवाको जीवनमा घटेका घटनाहरूलाई केन्द्र बनाइएको छ। विधवा पत्रले विवाह गरेको केही समयमा नै पतिलाई गुमाउनु परेका करण उसका मनमा विक्षिप्तिको अवस्था आएको छ। घरमा भएका अन्य सदस्यहरू सासु ससुरा तथा देवरले उसलाई नराम्रो व्यवहार गरेपछि उसमा मानसिक पीडाको अवस्था देखा परेको छ । उसको व्यवहारद्वारा समाजमा परम्परादेखि चलिआएको संस्कृतिलाई बदल्न खोजेको देखिन्छ। पितृसत्तात्मक नेपाली समाजमा महिलाले पुरूषको अधिनमा बस्नुपर्ने बाध्यात्मक अवस्था रहेको छ। लोग्नेको मृत्युपछि उसकी स्वास्नीले रातो कपडा, सिन्दुर पोते, चुरा, धागो, लगाउन नपाउने मान्यता चलिरहेको छ। महिलाले आफ्नो पतिको मृत्युपश्चात् सेतो कपडा लगाएर जीवनभर मरेको पतिका नाममा विवाह नगरी फुङ्ग शरीर लिएर बस्नुपर्ने परम्परा रहेको छ तर यस कथाकी पात्र विधवाले त्यसमा सुधार गर्नका लागि केही

मात्रामा भए पनि कदम चालेकी देखिन्छ, जसलाई निम्न अनुसारका सक्ष्यहरूका आधारमा विश्लेषण गर्न सकिन्छ :

> साक्ष्य १ : मधेसतिर हिंडेकी, पोइ छैनन्। सासु ससुराले फुटेको आखाँले हेर्दैनन्। देवर रूखो माया गर्थ्यो तर पोइ नभएको घरमा टिक्न सकिनँ। (पृ. ९२)

प्रस्तुत साक्ष्यबाट पतिको मृत्युपश्चात् घरका सदस्यहरूले विधवालाई राम्रो व्यवहार नगरेको प्रस्ट हुन्छ । नेपाली पितृसत्तात्मक समाजमा विधवाले कसैसँग राम्ररी हाँस्न, बोल्न नहुने मान्यता रहेको छ । विधवालाई घरका सदस्यहरूले राम्रो व्यवहार नगर्ने भएकाले उसले परम्परामा सुधार ल्याउन वा क्रमशः परिवर्तन ल्याउनका लागि विद्रोह गर्ने प्रयास गरेकी छे र त्यस किसिमको व्यवहार हुने घरमा सधैभरि सहेर बसिरहनु भन्दा त्यस्तो घरलाई सदाका लागि छोडेर नयाँ संसारको खोजीमा हिँडेकी देखाएर पितृसत्तात्मक समाजमा विधवा नारीलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन खोजेकी छे।

> साक्ष्य २ : मेरो त मधेसमा गएर राम्ररी घरबार गरेर बस्ने इच्छा छ। सानो खेतबारी गर्‍यो। वहाँ खेती गर्न सजिलो छ रे। जग्गा पनि त्यसै पाइन्छ रे। यहाँ सासु ससुराका कचकचले अड्नै सकिएन। फेरि पोइ मरेको ठाँउमा त्यसै उच्चाट लागेर आउने। (पृ. ९३)

उल्लिखित साक्ष्यबाट विधवाले श्रीमान्को मृत्युपश्चात् घरमा बस्न चाहे पनि त्यहाँ विभिन्न समस्याहरू आइपरेका छन् । खेतबारीमा काम गर्न पनि पहाडमा भन्दा तराइमा सहज हुने र आफू जीवनभर त्यतिकै विधवा जीवन बिताउन नसक्ने सम्झेर बरू त्यस ठाउँलाई नै छोडेर गई अर्को स्थानमा आफूलाई स्थापित गराउने र नयाँ घरबार बसाउने इच्छा व्यक्त गर्दै विधवा समाजमा चलिरहेको परम्परा/मान्यतालाई परिमार्जन गर्नेतर्फ अभिमुख भएकी छे। विधवामा पितृसत्तामक संस्कार र संस्कृतिप्रति सुधार तथा परिमार्जन गर्ने भावना रहेको छ । उसले कुनै पनि नारीले मृत्यु भइसकेका पतिको नामाम सेतो कपडा लगाएर घर परिवारका सदस्यहरूको समेत नकारात्मक नजरमा जीवनभर बस्नु पर्ने संस्कारप्रति असहमति जनाउदै समग्र महिलाको पक्षमा उदार भाव प्रकट गरेकी छे।

उल्लिखित प्रतिनिधि साक्ष्यहरूका आधारमा मधेसतिर कथामा विधवाले समाजमा परम्परादेखि चलिआएको कुराहरूमा परिवर्तन ल्याउन प्रयास गरेको देखिन्छ जसलाई विधवा नारीले घरबाहिर जान नहुने परम्परा चलिरहेको समाजमा छोरा छोरी तथा नयाँ घरवारको चाहना गरी मृत पतिको घर छोडेर हिँडेको देखाइएबाट पनि पुष्टि हुान्छ।

**मनोविश्लेषणात्मक नारीवाद**

विश्वेश्वरप्रसाद कोइरालाद्वारा रचित मधेसतिर कथा नारी मनोवैज्ञानिक विषयवस्तुमा आधारित छ। नारी मनमा रहेका दमित इच्छा आकाङ्क्षालाई यस कथामा कलात्मक रूपमा प्रस्तुत गरिएको छ। यस कथामा विधवा पात्रका मनमा रहेका इच्छा आकाङ्क्षालाई कथाकारले मनोविज्ञानको प्रयोग गरेर बाहिर ल्याएका छन् । विवाह गरेको केही समयामा नै श्रीमान्को मृत्यु भएको र त्यसबाट उसले आफ्ना मनमा रहेको घरबार तथा सन्तान प्राप्तिको चाहना जस्ता इच्छाहरू पुरा हुन नपाएको सन्दर्भ कथामा वर्णन गरिएको छ। उसमा आफ्नो श्रीमान्को मृत्युपश्चात् आफ्ना इच्छाहरू मनमा नै दमित पारेर राख्नु परेको, सासु ससुराले गरेको व्यवहारबाट उसको मनोविज्ञानमा परेको प्रभावलाई यस कथामा रहेको छ। यस बारेमा निम्न साक्ष्यहरू मार्फत प्रस्ट पारिएको छ :

> साक्ष्य १ : तिनले अन्नपूर्णा झैं झट्ट आफ्नो पोकोबाट चिउरा झिकिन् र भाग लाउन थालिन् र सबैको चिउरामाथि थप थप चाकूका डल्ला राखिन् । सबैको आखाँमा अकास्मात् तेज आयो र सबैको ह्दयमा विधवाप्रति महान आदरको भाव उत्पन्न भयो । गोरेलाई आफ्नू भागबाट चिउरा थपिदिँदै भनिन् "तिमी जवान छौ । तिमीलाई अरूलाई भन्दा बढ्ता भोक लाग्दो हो। (पृ.९१—९२)

प्रस्तुत प्रसङ्गबाट विधवाको पुरूषप्रतिको आकर्षणको विम्बको सङ्केत पाइन्छ। यसबाट उसको मानमा अव्यक्त रूपमा रहेको मनोविज्ञानको सूक्ष्म सङ्केत देखिन्छ। विधवा पात्रले सानै उमेरमा विवाह गर्नु पर्‍यो र विवाह भएको केही समययमा नै उसको पतिको मृत्यु भयो । तत्पश्चात् उसले कुनै पनि पुरूषको माया प्राप्त गर्न नसकेकाले उसमा दमित रूपमा पुरूष प्रति आकर्षण रहेको कुरा यात्राको क्रममा भेटिएको गोरेलाई आफ्नो भागबाट केही कटाएर भए पनि थपिदिएको प्रसङ्गबाट देखिन्छ । उसले आफ्नो उमेरसँग केही भए पनि मिल्ने गोरेलाई अन्य पात्रभन्दा नजिकको मानेको देखाएर आफ्ना मनको दमित भावनालाई प्रस्ट पार्न खोजेकी छे। तसर्थ के भन्न सकिन्छ भने विधवा पात्रका

मनमा पुरूषप्रतिको मोह रहेको र उक्त मोहलाई उसले आफ्ना क्रियाकलापबाट बाहिर प्रकट गरेकी छे।

> साक्ष्य २: विधवाले भनिन् "गोरे मेरो धेरै दिनदेखि आफ्नो घर बनाएर बस्ने इच्छा छ । पोइ चाडैं मरिदिए । आफ्नो इच्छा मुटुमै सुकेर जालाजस्तो भयो । म के छोराछोरी पाउन सक्तिनँ र ? खोइ मेरा छोराछोरी ? खोइ मेरो आफ्नो घर। खोइ मेरो आफ्नो मान्छे ? (पृ.९४)

प्रस्तुत उद्धरणमा विधवाले आफ्नो पतिको मृत्युपश्चात् आफ्ना मनमा रहेका इच्छा चाहनाहरूलाई दमित रूपमै राख्न बाध्य रहेकी र थोरै ठाउँ पाउने बित्तिकै बाहिर ल्याएकी छे। तसर्थ उसमा छोराछोरीको इच्छा, पतिसहितको घरबार प्रतिको चाहना आन्तरिक रूपमा रहेको प्रस्ट हुन्छ जसलाई उसले आफ्नो मृत पतिको घरबार त्यागेर नयाँ स्थानमा गई उक्त इच्छा पुरा गर्न चाहेकी छे।

उल्लिखित प्रतिनिधि साक्ष्यका आधारमा हेर्दा प्रस्तुत कथाकी मुख्य पात्र विधवाले आफ्ना मनका उतारचढावहरू गोरे लगायतका पात्रहरूसँग बोलेका विभिन्न संवादहरूमार्फत स्पष्ट भएको छ। यसर्थ प्रस्तुत कथामा विधवाका माध्यमबाट नारी मनोविश्लेषणलाई प्रस्तुत गरेको देखिन्छ।

## निष्कर्ष

कथाकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा रचित मधेसतिर नारी समस्यामा आधारित कथा हो। उनले मानव जीवनका विभिन्न पक्षहरूलाई प्रस्तुत गर्न कथाका पात्रको मनोजगतको विविध पक्ष र स्थितिलाई प्रमुख आधार बनाउँदै कथाको रचना गरेका छन्। प्रस्तुत कथामा विधवा नारीका मनमा रहेका विविध इच्छा र आकाङ्क्षाहरूलाई चित्रण गरिएको छ । फ्रायडीय मनोवैज्ञानिक धारामा केन्द्रित भई रचना गरिएको प्रस्तुत कथामा नारीलाई परेको पीडा तथा समस्यालाई देखाइएको छ। विधवा नारीका रूपमा प्रस्तुत भएकी पात्रका माध्यमबाट पितृसत्तात्मक समाजमा विधवालाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहारलाई परिवर्तन गर्नतर्फ यो कथा उन्मुख भएको छ। त्यसैगरी विवाह भएको केही समयमा नै विधवा हुन पुगेकी नारी पात्रको मनमा रहेका दमित इच्छा आकाङ्क्षाहरू तथा त्यसबाट उसमा आइपरेका मानसिक परिस्थितिको वर्णन कथामा रहेको छ। अतः कोइरालाद्वारा रचित प्रस्तुत कथालाई नारीप्रति समाजले गर्ने व्यवहारलाई सुधार गर्ने र विधवा नारीमा उत्पन्न हुने मनोविज्ञान प्रस्तुत गरिएको नारीकेन्द्री कथा हो।

## सन्दर्भसमग्री सूची


एटम, नेत्र (२०६१). समालोचनाको स्वरूप. साझा प्रकाशन।

कोइराला, विश्वेश्वरप्रसाद (२०६७). दोषी चस्मा (आठौं संस्क.). साझा प्रकाशन।

त्रिपाठी, सुधा (२०६७). नारीवादको कठघरामा नेपाली साहित्य. साझा प्रकाशन।

त्रिपाठी, सुधा (२०६८). पाश्चात्य नारीवाद र त्यसको स्वरूप राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा). रत्न बृहत नेपाली समालोचना सैद्धान्तिक खण्ड. रत्न पुस्तक भण्डार।

त्रिपाठी, सुधा (२०६९). नारीवादी सौन्दर्य चिन्तन भृकुटी एकेडेमिक पब्लिकेशन।

त्रिपाठी, सुधा (२०६९). नेपाली उपन्यासमा नारीवाद. भृकुटी एकेडेमिक पब्लिकेशन।

लुइटेल, खगेन्द्रप्रसाद र मोहनराज शर्मा (२०६३). पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त (दोस्रो संस्क). विद्यार्थी पुस्तक भण्डार।


❖❖❖